जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७० • २०८३ साल मंसिर ७ गते सोमबार (23 November, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

सर्वदलीय सरकार बनाउने मुख्यमन्त्री यादवको घोषणा



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दललाई समेटेर सर्वदलीय सरकार गठन गर्ने बताएका छन् ।

जनकपुरधाममा आइतबार पद तथा गोपनीयताको शपथ लिएपछि मुख्यमन्त्री यादवले सबै दलको सहभागितामा सरकार सञ्चालन गर्ने आफ्नो चाहना रहेको बताए । यसका लागि सोमबारदेखि नै राजनीतिक दलहरूसँग छलफल अघि बढाउने उनको भनाइ छ ।

उनले निर्धारित समयभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने विश्वास व्यक्त गर्दै यसअघि पहिलोपटक विश्वासको मत लिँदा पनि सबै दलको समर्थन पाएको स्मरण गरे । उनको शपथग्रहण समारोहमा भने जनमत पार्टी बाहेक नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का कुनै पनि नेता सहभागी भएनन् ।

मुख्यमन्त्री यादवले सुस्त गतिमा रहेका विकास निर्माणका कामलाई तीव्रता दिने, भ्रष्टाचार नियन्त्रण गर्ने र सबै दललाई समेटेर सरकार सञ्चालन गर्ने आफ्नो प्राथमिकता रहेको बताए ।

यसैबीच, पदभार ग्रहणलगत्तै मुख्यमन्त्री यादवले रोजगारी सिर्जना र वातावरण संरक्षणसम्बन्धी दुई निर्णय गरेका छन् ।

रोजगारीसम्बन्धी निर्णय अन्तर्गत मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि स्वरोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा सार्वजनिक रोजगार सेवा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ ।

त्यस्तै, एआई, ई-कमर्स र कम्प्युटरसम्बन्धी तालिममार्फत युवाहरू, श्रमिक तथा महिलाको सीप विकास गरी आत्मनिर्भर बनाउने योजना अघि सारिएको छ । एकीकृत रोजगार कार्यक्रम प्रदेशका पाँच जिल्लामा नौ महिनासम्म सञ्चालन गर्ने प्रस्तावसमेत गरिएको छ ।

त्यस्तै अर्को निर्णयमा वन तथा वातावरण संरक्षण र जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिने उल्लेख गरिएको छ ।

शपथ ग्रहणपछि दोश्रो कार्यकालका लागि नवनियुक्त भएका मुख्यमन्त्री यादवले मुजेलीयास्थित शहीद स्मारकमा माल्यार्पण गरेका थिए ।

भारत भ्रमणमा प्रधानमन्त्री बालेन

मोदीसँग द्विपक्षीय वार्ता र सहकार्यका विभिन्न सम्झौता हुने



टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' दुईदिने राजकीय भ्रमणका लागि भारतको राजधानी नयाँदिल्ली पुगेका छन् । नेपाल एयरलाइन्सको नियमित उडानबाट आइतबार दिउँसो स्थानीय समय अनुसार ३:१५ बजे इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका प्रधानमन्त्री साहलाई भारत सरकारका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गरेका छन् ।

प्रधानमन्त्री साह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा भारत भ्रमणमा गएका छन् । स्वागतका क्रममा भारतका लागि नेपाली राजदूत डा. निश्चलनाथ पाण्डे, नेपालका लागि भारतीय राजदूत सुधाकर दलेला, भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावारलगायत अधिकारी उपस्थित थिए । प्रधानमन्त्रीको स्वागतमा विमानस्थलमा विभिन्न सांस्कृतिक झाँकीसमेत प्रस्तुत गरिएको थियो ।

प्रधानमन्त्री साहको भ्रमणका क्रममा नेपाल र भारतबीच द्विपक्षीय साझेदारीका प्राथमिकता समेटिएको १० बुँदे संयुक्त दृष्टिपत्र (भिजन पेपर) सार्वजनिक गर्ने तयारी गरिएको छ । दुवै देशका अधिकारीले यसको मस्यौदा तयार गरिसकेका छन् ।

भ्रमणका क्रममा प्रधानमन्त्री साहले भारतीय राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नेछन् भने प्रधानमन्त्री मोदीसँग मङ्सिर ७ गते प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ वार्तामा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा उर्जा सहकार्यासम्बन्धी सम्पन्न परियोजनाको उद्घाटन र नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रमसमेत छ । 'समृद्ध नेपाल, समुन्नत भारत' को अवधारणामा आधारित भिजन पेपरमा दुई देशबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने साझा प्रतिबद्धता समेटिनेछ । शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन तथा मानवस्रोत विकासलगायत क्षेत्रमा सहकार्य अभिवृद्धि गर्न विभिन्न समझदारीपत्र आदानप्रदान गरिने तयारी छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री साहले भारतीय राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । त्यस्तै, भारतीय प्रधानमन्त्री मोदीसँग सोमबार प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ । वार्तामा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा आर्थिक सहकार्य विस्तार गर्ने विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

दुई देशबीच सम्पर्क सञ्जाल विस्तार र ऊर्जा सहकार्यासम्बन्धी सम्पन्न विभिन्न परियोजनाको उद्घाटन तथा नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रमसमेत रहेको छ । यसका साथै, शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन र मानवस्रोत विकासलगायत क्षेत्रमा सहकार्य अभिवृद्धि गर्न विभिन्न समझदारीपत्र (एमओयु) आदानप्रदान गरिनेछ ।

प्रधानमन्त्री साहसँग भ्रमण टोलीमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारसहित उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी तथा पत्रकार सहभागी छन् ।

भ्रमणको पहिलो दिन आइतबार साँझ ६ बजे भारतीय विदेशमन्त्री डा. एस. जयशंकरले प्रधानमन्त्री साहसँग शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको जनाएको छ । सोमबार प्रधानमन्त्री साहले नयाँदिल्लीस्थित राजघाटमा पुगेर महात्मा गान्धीको समाधिस्थलमा श्रद्धाञ्जली अर्पण गर्नेछन् ।

यस अघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को कार्यकालमा जलस्रोत क्षेत्रमा सहकार्य विस्तार गर्ने उद्देश्यले नेपाल र भारतबीच भिजन पेपर सार्वजनिक गरिएको थियो । यसपटकको संयुक्त दृष्टिपत्रले दुई देशबीचको बहुआयामिक सम्बन्धलाई थप संस्थागत र परिणाममुखी बनाउने जनाएको छ ।

रास्वपाका सभापति रवि लामिछानेले नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राख्दै पारस्परिक सम्मान, समानता र साझा हितका आधारमा द्विपक्षीय सम्बन्ध मजबुत बनाउन भ्रमण महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरेका छन् ।

प्रधानमन्त्री साह भारतको राजकीय भ्रमण सम्पन्न गरी सोमबार साँझ ६:३५ बजे नेपाल एयरलाइन्सको नियमित उडानबाट स्वदेश फर्किने कार्यक्रम रहेको जनाएको छ ।

जनकपुरधाम-अयोध्या रेल सेवा उद्घाटनको पूर्वसन्ध्यामा जनकपुरवासी उत्साहित



टुडे समाचारदाता

जनकपुरधाम । माता जानकीको पवित्र जन्मभूमि जनकपुरधाम र भगवान् श्रीरामको जन्मभूमि अयोध्यालाई रेलमार्गबाट जोड्ने ऐतिहासिक तयारी अन्तिम चरणमा पुगेपछि जनकपुरधाममा उत्साह छाएको छ । लामो समयदेखि प्रतीक्षा गरिएको जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनमा आउने भएपछि यहाँका स्थानीयवासी, व्यवसायी, पर्यटनकर्मी तथा धार्मिक क्षेत्रसँग आबद्ध व्यक्तिहरू निकै हर्षित भएका छन् । दुई ऐतिहासिक तथा धार्मिक सहरलाई प्रत्यक्ष रेल सम्पर्कले जोड्ने भएपछि जनकपुरधाममा नयाँ सम्भावनाको ढोका खुल्ने अपेक्षासहित स्थानीयवासी रेलबाट आउने पहिलो पाहुनाको स्वागत गर्न व्यग्र प्रतीक्षामा छन् ।

जनकपुरधामवासीका लागि रेल सेवा सञ्चालनको विषय मात्र नभइ सदियौँदेखि धार्मिक, सांस्कृतिक र आध्यात्मिक सम्बन्धले जोडिएका दुई ऐतिहासिक सहरबीचको सम्बन्धलाई आधुनिक यातायातको माध्यमबाट थप मजबुत बनाउने महत्वपूर्ण अवसर पनि हो । रामायणकालीन सम्बन्धसँग जोडिएका अयोध्या र जनकपुरधाम रेलमार्गबाट जोडिन लाग्दा यहाँका नागरिकले यसलाई गौरवको विषयका रूपमा लिएका छन् ।

नेपालका प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार संयुक्त रूपमा जनकपुरधाम-अयोध्या रेल सेवाको उद्घाटन गर्ने भएका छन् । नयाँदिल्लीस्थित हैदराबाद हाउसबाट दुवै प्रधानमन्त्रीले भिडियो कन्फरेन्समार्फत रेल सेवाको शुभारम्भ गर्ने तयारी छ । उद्घाटनसँगै नेपाल र भारतबीच धार्मिक पर्यटन तथा सीमापार यातायात सम्पर्क विस्तारको नयाँ अध्याय शुरु हुने विश्वास गरिएको छ ।

रेल सेवा सञ्चालनको खबर सार्वजनिक भएसँगै जनकपुरधाममा विशेष उत्साह देखिएको छ । अयोध्याबाट जनकपुरधामसम्म रेल चढेर आउने श्रद्धालु, पर्यटक तथा अन्य पाहुनालाई स्वागत गर्ने प्रतीक्षामा स्थानीयवासी रहेका छन् । विशेषगरी धार्मिक पर्यटनसँग जोडिएका व्यवसायीहरू यस सेवाले जनकपुरधाममा भारतीय पर्यटकको आगमन बढाउने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने विश्वासमा छन् ।

जनकपुरधामका होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटनकर्मी, पसल सञ्चालक तथा विभिन्न सेवाप्रदायकहरूका लागि यो रेल सेवा नयाँ अवसरका रूपमा देखिएको छ । भारतको अयोध्याबाट सीधै जनकपुरधाम आउने यात्रुको संख्या बढेमा होटल, रेस्टुरेन्ट, स्थानीय यातायात, पूजा सामग्री, हस्तकला तथा अन्य व्यापारिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

जनकपुरधामको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा थप परिचित गराउन पनि उक्त रेल सेवाले महत्वपूर्ण भूमिका खेल्ने उनीहरूको विश्वास छ। अयोध्याबाट आउने पाहुनाले जनकपुरधामको जानकी मन्दिर, विवाहमण्डप, राम मन्दिर, धनुषसागर, गंगासागरलगायतका धार्मिक तथा ऐतिहासिक स्थलको भ्रमण गर्ने अवसर पाउनेछन् । त्यसैगरी जनकपुरधामबाट अयोध्या जाने श्रद्धालुले पनि सहज यातायात सुविधा प्राप्त गर्नेछन् ।

भारतीय रेल मन्त्रालयले जनकपुरधामदेखि उत्तर प्रदेशको अयोध्या क्यान्टसम्म सञ्चालन हुने साप्ताहिक रेल सेवालाई स्वीकृति दिइसकेको छ । नोभेम्बर १४ मा भारतको रेल मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार करिब ६०४ किलोमिटर लामो रेल सेवाले नेपाल र भारतका दुई महत्वपूर्ण धार्मिक सहरलाई जोड्नेछ । यस रेललाई सरयु-कमला एक्सप्रेसका रूपमा पनि चिनाइएको छ । अयोध्यामा बग्ने सरयु नदी र धनुषामा बग्ने कमला नदीको नामबाट यसको नामकरण गरिएको छ ।

प्रारम्भिक योजना अनुसार भारतीय रेलका १७ वटा डिब्बासहित सेवा सञ्चालन गर्ने तयारी छ । रेलले अयोध्या क्यान्ट, अयोध्याधाम, मनकापुर, बस्ती, गोरखपुर, नरकटियागञ्ज, रक्सौल, सीतामढी, शिशो, मधुबनी र जयनगर हुँदै जनकपुरधामसम्म सेवा दिने छ ।

प्रस्तावित समयतालिकाअनुसार अयोध्या क्यान्टबाट प्रत्येक सोमबार र जनकपुरधामबाट प्रत्येक शनिबार रेल छुट्नेछ । यसले दुवै देशका यात्रुलाई धार्मिक भ्रमणका अतिरिक्त पारिवारिक भेटघाट, अध्ययन, व्यवसाय तथा अन्य कामका लागि आवतजावत गर्न सहज बनाउने अपेक्षा गरिएको छ ।

रेल सेवाको उद्घाटन तत्काल भए पनि उद्घाटनपछि नियमित व्यावसायिक सञ्चालनका लागि छुट्टै तयारी भइरहेको छ । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार उद्घाटनपछिको पहिलो रेल नोभेम्बर २४ अर्थात् मंसिर ८ गते जनकपुरधाम आइपुग्ने तयारी छ । नियमित व्यावसायिक सेवा त्यसपछिको साताबाट सुरु गर्ने तयारी रहेको सार्वजनिक विवरणमा उल्लेख छ ।


यसअघि पनि दुबै सहरबीच धार्मिक सम्बन्धका आधारमा तीर्थयात्रीहरूको आवतजावत हुँदै आएको थियो । तर, प्रत्यक्ष रेल सेवा सञ्चालनमा आएपछि लामो दूरीको यात्रा तुलनात्मक रूपमा सहज र व्यवस्थित हुने अपेक्षा गरिएको छ ।

स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन रेल सेवा सञ्चालनसँगै पर्यटकका लागि व्यवस्थित प्याकेज, आवास, यातायात र भ्रमण मार्गको विकास गर्नुपर्ने आवश्यकता देखिएको छ। जनकपुरधाम आउने पाहुनालाई जानकी मन्दिरमा दर्शन गराउने मात्र नभई मिथिला संस्कृति, कला, परम्परा, खानपान र यहाँको ऐतिहासिक सम्पदासँग परिचित गराउन सके पर्यटकको बसाइ अवधि बढाउन सकिनेछ ।

हाल नेपालतर्फ जयनगर-जनकपुरधाम-बिजलपुरा खण्डमा करिब ५२ किलोमिटर दूरीमा रेल सेवा सञ्चालन हुँदै आएको छ । तर, नेपालतर्फको रेलमार्ग विद्युतीकरण नभएकाले डिजेलबाट चल्ने रेल प्रयोग भइरहेको छ ।



जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

विद्यालयमा भर्ना हुनु र गुणस्तरीय सिकाइ हासिल गर्नु फरक विषय हुन्



भरत सहनी

शिक्षा बालबालिकाको भविष्य निर्माण गर्ने आधार हो । यसले ज्ञान र सीप मात्र प्रदान गर्दैन, व्यक्तिको सोच, व्यवहार, आत्मविश्वास, निर्णय क्षमता, सामाजिक सम्बन्ध र जीवनप्रतिको दृष्टिकोण पनि निर्माण गर्छ । त्यसैले बालबालिकालाई विद्यालय पठाउनु मात्र शिक्षाप्रतिको जिम्मेवारी पूरा भएको मान्न सकिँदैन । उनीहरूले कस्तो शिक्षा प्राप्त गरिरहेका छन्, के सिकिरहेका छन्, सिकाइमा कति प्रगति गरेका छन् र विद्यालयले उनीहरूलाई भविष्यका चुनौती सामना गर्न कति सक्षम बनाउँदैछ भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण छन् ।

नेपालमा विद्यालय शिक्षाको पहुँच विस्तार गर्न विगतदेखि विभिन्न प्रयास हुँदै आएका छन् । विद्यालय भर्ना अभियान, छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, विद्यालय पूर्वाधार विकास तथा शिक्षक व्यवस्थापनजस्ता कार्यक्रमले शिक्षामा पहुँच बढाउन योगदान गरेका छन् । तथापि, विद्यालयमा भर्ना हुनु र गुणस्तरीय सिकाइ हासिल गर्नु एउटै कुरा होइन । बालबालिका विद्यालयमा उपस्थित भए पनि उनीहरूले अपेक्षित ज्ञान, सीप र व्यवहारिक क्षमता हासिल गरिरहेका छन् कि छैनन् भन्ने प्रश्न आजको शिक्षा प्रणालीको महत्वपूर्ण विषय हो ।

गुणस्तरीय शिक्षा विद्यालयको भवन, शिक्षक वा पाठ्यपुस्तकमा मात्र निर्भर हुँदैन । बालबालिका हुर्किने परिवार, विद्यालय र समुदायको समग्र वातावरणले उनीहरूको सिकाइ तथा विकासमा प्रभाव पार्छ । त्यसैले गुणस्तरीय शिक्षाको बहस गर्दा यी तीनवटै वातावरणलाई एकीकृत रूपमा बुझ्न आवश्यक छ ।

शिक्षामा पहुँच बढ्यो, तर सिकाइको प्रश्न अझै महत्वपूर्ण

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लास रिपोर्ट २०८१ अनुसार शैक्षिक सत्र २०८१ मा आधार भूत तह (कक्षा १-८) को खुद भर्नादर ९४.१ प्रतिशत रहेको छ । यसको अर्थ विद्यालय उमेर समूहका सबै बालबालिका आधारभूत शिक्षामा समेटिएका छैनन् । त्यस्तै, राष्ट्रिय तथ्याङ्कले माध्यमिक तहका माथिल्ला कक्षामा विद्यार्थी सहभागिता क्रमशः कम हुँदै जाने चुनौती पनि देखाउँछ ।

यी तथ्याङ्कले शिक्षामा पहुँच र निरन्तरताको समस्या अझै कायम रहेको देखाउँछन् । तर भर्नादर मात्र शिक्षाको गुणस्तर मापन गर्ने पर्याप्त सूचक होइन । विद्यार्थीको पढाइ बुझाइ, लेखन, गणितीय क्षमता, नियमित उपस्थिति, कक्षा उत्तीर्णता, विद्यालय छाड्ने अवस्था तथा व्यवहारिक सीपको विकासलाई पनि विश्लेषण गर्नुपर्छ ।

शिक्षाको उद्देश्य परीक्षा उत्तीर्ण गराउनु वा प्रमाणपत्र प्रदान गर्नु मात्र होइन । विद्यार्थीले आफूले सिकेको ज्ञान व्यवहारमा प्रयोग गर्न, समस्या समाधान गर्न, नयाँ कुरा सिक्न, अरूसँग सहकार्य गर्न र जिम्मेवार नागरिक बन्न सक्ने क्षमता विकास गर्नु पनि शिक्षाको मुख्य उद्देश्य हो । यसका लागि विद्यार्थीलाई घर, विद्यालय र समुदायमा सकारात्मक सिकाइ वातावरण आवश्यक हुन्छ ।

परिवार: बालबालिकाको पहिलो सिकाइ वातावरण

परिवार बालबालिकाको पहिलो पाठशाला हो । उनीहरूले बोल्न, व्यवहार गर्न, अरूलाई सम्मान गर्न, अनुशासन सिक्न, जिम्मेवारी बुझ्न र सामाजिक सम्बन्ध कायम गर्न परिवारबाटै प्रारम्भिक अनुभव प्राप्त गर्छन् । घरमा अभिभावकको व्यवहार, बालबालिकाप्रति गरिने व्यवहार, अध्ययनप्रतिको सोच, संवाद र सहयोगले उनीहरूको व्यक्तित्व तथा सिकाइमा प्रभाव पार्न सक्छ ।

बालबालिकालाई सकारात्मक पारिवारिक वातावरण प्रदान गर्नु भनेको उनीहरूलाई माया गर्नु मात्र होइन; उनीहरूको कुरा सुन्नु, प्रश्न गर्न प्रोत्साहित गर्नु, गल्तीबाट सिक्ने अवसर दिनु, नियमित अध्ययनका लागि समय व्यवस्थापन गर्न सहयोग गर्नु र आत्मविश्वास बढाउनु पनि हो । घरमा पढ्ने वातावरण, किताब तथा अन्य सिकाइ सामग्रीको उपलब्धता र अभिभावकको नियमित चासोले अध्ययनप्रति रुचि बढाउन सक्छ ।

तर बालबालिकाको शिक्षामा अभिभावकको भूमिका आर्थिक लगानीमा मात्र सीमित हुनु हुँदैन । विद्यालयको शुल्क तिर्नु, पोसाक र सामग्री उपलब्ध गराउनु आवश्यक भए पनि बालबालिकालाई समय दिनु, विद्यालयमा के सिकिरहेका छन् भनेर सोध्नु, शिक्षकसँग संवाद गर्नु, उनीहरूको प्रगति बुझ्नु र कठिनाइ पर्दा सहयोग गर्नु पनि महत्वपूर्ण लगानी हो ।

अभिभावकको औपचारिक शिक्षा वा अंग्रेजी भाषाको दक्षता कम भए पनि उनीहरूले बालबालिकाको सिकाइमा महत्वपूर्ण योगदान दिन सक्छन् । नियमित विद्यालय पठाउने, घरमा जिम्मेवारी र समय व्यवस्थापन सिकाउने, पढाइप्रति चासो राख्ने, सकारात्मक व्यवहारको प्रशंसा गर्ने र बालबालिकालाई निरुत्साहित नगर्ने अभ्यासले सिकाइमैत्री वातावरण निर्माण गर्न मद्दत गर्छ ।

बालबालिकालाई अनुशासन सिकाउने नाममा डर, अपमान, शारीरिक दण्ड वा अरूसँग तुलना गर्ने व्यवहार अपनाउनु हुँदैन । यस्ता व्यवहारले उनीहरूको आत्मविश्वास र सिकाइप्रतिको रुचिमा नकारात्मक असर पार्न सक्छ । अनुशासन सकारात्मक संवाद, स्पष्ट नियम, जिम्मेवारी र पारस्परिक सम्मानबाट विकास गर्न सकिन्छ ।

विद्यालय: सिकाइको गुणस्तर निर्धारण गर्ने



महत्वपूर्ण संस्था

बालबालिकाको औपचारिक शिक्षा विद्यालयबाट प्राप्त हुन्छ । विद्यालय उनीहरूको ज्ञान, सीप, व्यवहार, सामाजिक सम्बन्ध र भविष्यको आधार निर्माण गर्ने महत्वपूर्ण संस्था हो । विद्यालयको शैक्षिक वातावरणले विद्यार्थीको सहभागिता, आत्मविश्वास, सिकाइप्रतिको रुचि र उपलब्धिमा प्रभाव पार्न सक्छ ।

विद्यालयीय वातावरण भन्नाले भवन, कक्षाकोठा, फर्निचर र खेलमैदानलाई मात्र बुझिँदैन । शिक्षकको व्यवहार, शिक्षण विधि, विद्यार्थी-शिक्षक सम्बन्ध, विद्यालय व्यवस्थापन, अनुशासन, समावेशिता, सुरक्षा, शिक्षण सामग्री, पुस्तकालय, प्रयोगशाला, खानेपानी, शौचालय र अतिरिक्त क्रियाकलाप पनि यसका महत्वपूर्ण पक्ष हुन् ।

विद्यालयमा विद्यार्थी केन्द्रित शिक्षण, प्रश्नोत्तर, छलफल, समूहकार्य, प्रयोगात्मक अभ्यास र स्थानीय सामग्रीको उपयोगले सिकाइलाई अर्थपूर्ण बनाउन सक्छ । शिक्षकले विद्यार्थीको सिकाइ अवस्था पहिचान गरी आवश्यक सहयोग प्रदान गर्नुपर्छ । सबै विद्यार्थीको सिक्ने गति, भाषा, रुचि, क्षमता र पारिवारिक अवस्था एउटै हुँदैन । त्यसैले एउटै शिक्षण विधि सबै विद्यार्थीका लागि प्रभावकारी नहुन सक्छ ।

शिक्षकको विषयगत ज्ञान, पेसागत दक्षता, नियमितता र विद्यार्थीप्रतिको व्यवहार महत्वपूर्ण छन् । तर शिक्षकलाई मात्र दोष दिएर विद्यालयको गुणस्तर सुधार गर्न सकिँदैन । पर्याप्त शिक्षक, उपयुक्त कार्य वातावरण, शिक्षण सामग्री, नियमित पेसागत सहयोग, प्रभावकारी विद्यालय नेतृत्व र न्यायोचित कार्यभार पनि आवश्यक हुन्छ ।

प्रधानाध्यापक विद्यालयको शैक्षिक नेतृत्वकर्ता हुनुपर्छ । विद्यालयको नियमित अनुगमन, शिक्षकलाई पृष्ठपोषण, विद्यार्थीको सिकाइ उपलब्धिको समीक्षा, विद्यालय सुधार योजना कार्यान्वयन र अभिभावकसँग संवादमा नेतृत्वले सक्रिय भूमिका खेल्नुपर्छ । विद्यालय व्यवस्थापन समिति पनि बैठक र औपचारिक निर्णयमा मात्र सीमित नभई विद्यालयको सिकाइ, पारदर्शिता, सुरक्षा र स्रोत व्यवस्थापनमा सक्रिय हुनुपर्छ ।

सामुदायिक विद्यालय कमजोर र संस्थागत विद्यालय गुणस्तरीय हुन्छन् भन्ने सामान्य धारणा तथ्यगत रूपमा सधैँ सही हुँदैन । दुवै प्रकारका विद्यालयमा गुणस्तर, व्यवस्थापन, शिक्षक क्षमता र सिकाइ उपलब्धि फरक हुन सक्छ । विद्यालयको गुणस्तर मूल्याङ्कन गर्दा विद्यालयको प्रकार वा शुल्कभन्दा विद्यार्थीको वास्तविक सिकाइ उपलब्धि, शिक्षण अभ्यास, नेतृत्व, समावेशिता र व्यवस्थापनलाई आधार बनाउनु आवश्यक छ ।

समुदाय: विद्यालयबाहिरको अर्को पाठशाला

बालबालिका परिवार र विद्यालयमा मात्र सिकिरहेका हुँदैनन्; उनीहरूले समुदायको वातावरणबाट पनि निरन्तर सिकिरहेका हुन्छन् । समुदायमा उपलब्ध सामाजिक सम्बन्ध, संस्कृति, भाषा, मूल्य-मान्यता, व्यवहार, स्थानीय ज्ञान, सार्वजनिक गतिविधि र सामाजिक संस्थाहरूले बालबालिकाको व्यक्तित्व तथा सिकाइमा प्रभाव पार्न सक्छन् ।

सकारात्मक सामाजिक व्यवहार, आपसी सहयोग, सामाजिक सद्भाव, विविधताको सम्मान, खेलकुद, सांस्कृतिक गतिविधि र सामूहिक सहभागिताको वातावरण भएमा बालबालिकाले व्यवहारिक जीवनका धेरै कुरा सिक्ने अवसर पाउँछन् । उनीहरूले समाजमा कसरी मिलेर बस्ने, जिम्मेवारी कसरी पूरा गर्ने, विविधतालाई कसरी सम्मान गर्ने र सामूहिक रूपमा समस्या समाधान कसरी गर्ने भन्ने कुरा व्यवहारबाट सिक्न सक्छन् ।

समुदायमा हिंसा, दुर्व्यवहार, भेदभाव, असुरक्षित सार्वजनिक स्थान तथा हानिकारक सामाजिक व्यवहार भएमा बालबालिकाको सुरक्षा, सहभागिता र विकासमा चुनौती उत्पन्न हुन सक्छ । त्यसैले बालबालिकाका लागि सुरक्षित र सहयोगी समुदाय निर्माण गर्नु परिवार, विद्यालय, स्थानीय सरकार, युवा समूह, सामाजिक संघसंस्था र समुदायका सबै सदस्यको साझा जिम्मेवारी हो ।

ग्रामीण तथा शहरी क्षेत्रका अवसर र चुनौती फरक हुन सक्छन् । ग्रामीण क्षेत्रमा विद्यालयको दूरी, यातायात, आर्थिक अवस्था, सामाजिक परम्परा र सेवा सुविधाको उपलब्धताले शिक्षामा असर पार्न सक्छ भने शहरी क्षेत्रमा प्रतिस्पर्धा, व्यस्त जीवनशैली, प्रविधिको अनियन्त्रित प्रयोग र सामाजिक अलगावजस्ता चुनौती हुन सक्छन् । यी अवस्थालाई तथ्य र स्थानीय सन्दर्भका आधारमा विश्लेषण गर्नुपर्छ; कुनै एउटा क्षेत्र स्वतः राम्रो वा खराब मान्न मिल्दैन ।

स्थानीय पुस्तकालय, खेलकुद, विज्ञान तथा सिर्जनात्मक गतिविधि, वातावरण संरक्षण, सामाजिक सेवा र स्थानीय सीपसँग सम्बन्धित कार्यक्रममार्फत समुदायलाई बालबालिकाको सिकाइको साझेदार बनाउन सकिन्छ । विद्यालयले समुदायका अनुभवी व्यक्तिहरू, स्थानीय व्यवसायी, सीप भएका जनशक्ति र सामाजिक संस्थासँग सहकार्य गरेर व्यवहारिक सिकाइका अवसर विस्तार गर्न सक्छ ।

परिवार, विद्यालय र समुदायबीच सहकार्य किन आवश्यक?

बालबालिकाको सिकाइमा परिवार, विद्यालय तथा समुदायको वातावरण एकअर्कासँग अन्तरसम्बन्धित हुन्छ । घरमा अध्ययनप्रति प्रोत्साहन प्राप्त गर्ने विद्यार्थीलाई विद्यालयले प्रभावकारी शिक्षण र आवश्यक सहयोग प्रदान गर्न सकेमा सिकाइ उपलब्धि सुधार हुने सम्भावना बढ्छ । विद्यालयले परिवारसँग नियमित संवाद र सहकार्य गर्न सकेमा विद्यार्थीको सिकाइ कठिनाइ समयमै पहिचान गरी समाधान गर्न सकिन्छ ।

त्यस्तै, विद्यालय र समुदायबीच सहकार्य भएमा स्थानीय स्रोत, सीप, ज्ञान, संस्कृति तथा अनुभवलाई शिक्षण सिकाइमा उपयोग गर्न सकिन्छ । समुदायले विद्यालयको सुधारमा सहभागिता जनाउने, अभिभावकले विद्यार्थीको प्रगति बुझ्ने र विद्यालयले स्थानीय आवश्यकताअनुसार सिकाइ गतिविधि सञ्चालन गर्ने अभ्यासले शिक्षालाई व्यवहारिक तथा सान्दर्भिक बनाउन मद्दत गर्छ ।

यसका लागि विद्यालयमा नियमित अभिभावक संवाद, विद्यार्थीको सिकाइ प्रगति विवरण, विद्यालय सुधार योजनामा समुदायको सहभागिता, सुरक्षित वातावरण, अतिरिक्त सिकाइ सहयोग र स्थानीय तहबाट प्रभावकारी अनुगमन आवश्यक हुन्छ । सहकार्यलाई औपचारिक बैठकमा मात्र सीमित नराखी विद्यार्थीको वास्तविक सिकाइ र विकाससँग जोड्नुपर्छ ।

निष्कर्ष: गुणस्तरीय शिक्षाका लागि साझा प्रयास

बालबालिकाको गुणस्तरीय शिक्षाका लागि पारिवारिक, विद्यालयीय र सामुदायिक वातावरण सकारात्मक, सुरक्षित, सहयोगी, समावेशी र सिकाइमैत्री हुन आवश्यक छ । परिवारले माया, प्रोत्साहन र अध्ययनका लागि उपयुक्त वातावरण प्रदान गर्नुपर्छ । विद्यालयले गुणस्तरीय शिक्षण, सक्षम शिक्षक, प्रभावकारी व्यवस्थापन, सुरक्षित पूर्वाधार र विद्यार्थी केन्द्रित सिकाइ सुनिश्चित गर्नुपर्छ । समुदायले बालबालिकाको संरक्षण, सामाजिक सद्भाव, सकारात्मक व्यवहार र सिकाइ अवसर विस्तारमा योगदान गर्नुपर्छ ।

गुणस्तरीय शिक्षा केवल विद्यालयको जिम्मेवारी वा अभिभावकको आर्थिक लगानीबाट मात्र सम्भव हुँदैन । परिवार, विद्यालय, समुदाय र राज्यबीच प्रभावकारी सहकार्य, स्पष्ट जिम्मेवारी, निरन्तर निगरानी र सिकाइमा आधारित सुधार आवश्यक हुन्छ । बालबालिकालाई ज्ञान, सीप, आत्मविश्वास, जिम्मेवारी, नैतिकता र व्यवहारिक क्षमता विकास गर्ने अवसर प्रदान गर्न सकेमा उनीहरू भविष्यका सक्षम नागरिक बन्न सक्छन् ।

आजको आवश्यकता विद्यालयमा विद्यार्थीको भर्ना बढाउने अभियानमा मात्र सीमित हुनु होइन; उनीहरूलाई नियमित विद्यालयमा टिकाइराख्ने, गुणस्तरीय सिकाइ सुनिश्चित गर्ने र जीवनका लागि आवश्यक क्षमता विकास गर्ने वातावरण निर्माण गर्नु हो । परिवार सहयोगी, विद्यालय सक्षम र समुदाय सकारात्मक हुन सकेमा शिक्षाको गुणस्तर सुधार गर्ने आधार बलियो बन्न सक्छ ।

सम्पादकीय

मधेशमा उपलब्धि शून्य

देशमा संघीयता स्थापना भएको पछि प्रदेश सभाको दोस्रो कार्यकाल चलिरहेको छ । संघीय सरकारले धेरै अधिकार प्रदेशलाई दिएको छैन । 'शासन छ, तर आफ्नो प्रशासन छैन' प्रदेशको अवस्था यस्तै छ । संघीय सरकारले अधिकार नदिएकै कारण प्रदेशको विकासमा अवरोध भएको प्रादेशिक सरकारको तर्क रहँदै आएको छ । दोस्रो प्रदेश सभाको निर्वाचन भएको ४ वर्षमा मधेश प्रदेशमा आधा दर्जन मुख्यमन्त्री बनेका छन् । दुई जनाले एक/एक महिना मात्र सरकार चलाए । दुई जनाले झण्डै डेढ वर्ष र एकजनाले करिब एक वर्ष सरकार चलाए । जनता समाजवादी पार्टी(जसपा) नेपालका सरोज कुमार यादव छैटौँ मुख्यमन्त्रीको रुपमा सपथ लिएका छन् । उनको कार्यकाल प्रारम्भ भएको छ । तर उनी पहिलो पटकमा झण्डै डेढ वर्ष मुख्यमन्त्री रहेका थिए । चार वर्षमा आधा दर्जन अनुहार मुख्यमन्त्री बनेका छन् । तर मधेश प्रदेशको उपलब्धि शून्य नै छ । मधेश प्रदेशको पहिलो कार्यकालमा भएका विकास निर्माण, कानुन लगायतका कार्यहरु नै उपललब्धिमूलक रहेका छन् । त्यसपछिको कार्यकालमा उपलब्धि देखिएन । कर्मचारी सरुवा र त्यसमा हुने लेनदेनको कारण सबै कार्यकालमा सरकार बदनाम मात्र भए । सरकारको उपलब्धि मधेशवासीले प्रत्यक्ष अनुभूति गर्नु पर्ने हो । तर त्यसो हालसम्म भएको छैन । प्रदेश सरकारले कर्मचारीहरुको सरुवा गरेर मात्र रमाईरहेको छ । जनताको समस्यामा सरकार कतै उभिन सकेको छैन । प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउतले प्रदेशमा कुनै घटना हुँदा पनि सहानुभूति दिन पीडितको घरसम्म पुग्थे । किसान लगायत विभिन्न क्षेत्रबाट हुने मागहरुलाई सम्बोधन गर्ने प्रयास गर्थे । प्रदेशलाई सशक्त र प्रभावकारी बनाउन संघीय सरकारसित सहमति र दबाब बनाउथे । मधेश प्रदेशलाई संघीयताको जननी मानिन्छ । तर मधेश प्रदेशमा नै सत्ताको लुछाचुँडीले संघीयतालाई कमजोर बनाउने काम भइरहेको छ । मधेश प्रदेशको मुख्यमन्त्री कार्यालयमा तस्बीरको संख्या बढेको छ । त्यस अनुपातमा उपलब्धि शून्य छ । प्रदेश सरकारको मुख्यमन्त्री बनेर सेवा सुविधा पाउनु र कर्मचारी सरुवामा कमिसन लिनु मात्र उपलब्धि होइन । जनताको सेवा गर्नु नै राजनीतिकर्मीको प्रमुख लक्ष्य रहनु पर्छ । मधेशमा नै मधेश केन्द्रित दलहरुको अवस्था दयनीय हुनुमा प्रदेश प्रभावकारी नहुनु पनि हो । मधेश प्रदेशमा दोस्रो कार्यकालमा ठूला दुई दल नेकपा एमाले र नेपाली कांग्रेसले पनि सत्ता सञ्चालन गरेको छ । एमालेका मुख्यमन्त्री सरोज कुमार यादवले एक महिना समेत पूरा गर्न सकेन । तर उनी थोरै समयमा पनि आफ्नो प्रभाव देखाए । कांग्रेसका मुख्यमन्त्री कृष्णा प्रसाद यादवको कार्यकाल झण्डै डेढ वर्ष रहे पनि उपलब्धिमूलक हुन सकेन । जसपा नेपालका मुख्यमन्त्री सरोज कुमार यादवले दोस्रो पटक अवसर पाएका छन् । त्यसलाई उनले अविष्मरणीय बनाउन सक्नु पर्छ ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : साना कुरामा तर्क नगर्नु राम्रो हुनेछ ।
वृष : वैदेशिक क्षेत्रको रमझमले आकर्षित गर्नेछ ।
मिथुन : तपाईको बोलीकै कारण साथी टाढा बन्ने दिन छ ।
कर्कट : मनमा शान्ति मिल्ने छ । विदेश भन्दा स्वेदशमा आम्दानीका विकल्प प्राप्त हुनेछ।
सिंह : दीर्घकालीन योजना बनाउन सकिन्छ ।
कन्या : सहकर्मीलाई भडकाएर आफू मात्र फाइदा लिने दिन छ ।
तुला : शिक्षाको क्षेत्रमा खुट्टा तान्ने साथी सक्रिय भएकाले सचेत बन्नुपर्नेछ ।
वृश्चिक : प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । परिवारले साथ दिनेछन् ।
धनु : साथीसंग तर्क नगर्नु नै राम्रो हुनेछ । लगानीका क्षेत्र सबल छन् ।
मकर : परिवारको सल्लाह लिएर अगाडि बढ्नु पर्नेछ ।
कुम्भ: शुभ ग्रहको बहुमत भएकाले साथीभाइ र आफन्तको साथ मिल्ने छ ।
मीन: साथीभाइसंग थोरै बोलेर अगाडि बढ्नु राम्रो हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

दशौँ राष्ट्रिय खेलकुदबाट नयाँ खेलाडी पहिचान हुनेछः प्रधानमन्त्री साह



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले कर्णाली प्रदेशमा आयोजना हुन गइरहेको दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताले नयाँ खेलाडीको पहिचान, खेलाडीलाई प्रतिस्पर्धाको अवसर र खेल पूर्वाधारको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री साहले घरेलु खेलकुदको सबैभन्दा ठूलो उत्सवका रूपमा रहेको यस प्रतियोगिताले खेलकुदको माध्यमबाट कर्णालीको भूगोल, संस्कृति, इतिहास र आर्थिक सम्भावनालाई राष्ट्रिय स्तरमा चिनाउनसमेत महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ ।

"प्रिय कर्णाली, घरेलु खेलकुदको सबैभन्दा ठूलो उत्सव राष्ट्रिय खेलकुद प्रतियोगिताको दसौँ संस्करण यसपटक तपाईंहरूको प्रदेशमा आयोजना हुँदैछ । कर्णालीले पहिलोपटक यति ठूलो खेलकुद 'महाकुम्भ'को आयोजना गर्दैछ । त्यसैले तपाईंहरू नागरिक स्तरबाटै यस खेलकुदलाई साथ समर्थन गर्नु हुनेछ भन्ने अपेक्षा छ । जय कर्णाली ! जय खेलकुद ! जय जय नेपाल !", प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा भन्नुभएको छ ।

हरेक दुई वर्षमा आयोजना गर्ने लक्ष्यसहित २०३८ सालमा शुरु भएको राष्ट्रिय खेलकुद प्रतियोगिताका अहिलेसम्म नौ वटा मात्र संस्करण आयोजना हुनु दुःखद् पक्ष भएको जनाउँदै उहाँले अब सरकारले प्रतियोगिताको उद्देश्यअनुरूप नियमित रूपमा आयोजना गर्न र यसको स्तर अभिवृद्धिमा गम्भिरतापूर्वक काम गर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री शाहले उक्त प्रतियोगिताले खेलकुदको विकाससँगै राष्ट्रिय एकता र आपसी सद्भावलाई थप बलियो बनाउन प्रेरणा प्रदान गरोस् भनी कामना गर्नुभएको छ । उहाँले प्रतियोगिताको सफल आयोजनाका लागि शुभकामना पनि व्यक्त गर्नुभएको छ ।

दसौँ संस्करणको उक्त प्रतियोगिताको औपचारिक उद्घाटन यही मङ्सिर १६ गते सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा हुने तय भए पनि मुख्य खेल मङ्सिर ८ गतेदेखि सुरु हुँदैछन् । प्रधानमन्त्री शाहले प्रतियोगितामा राष्ट्रियस्तरका आठ हजारभन्दा बढी खेलाडी, अफिसियल तथा खेल अधिकारीहरू कर्णाली प्रदेशका विभिन्न जिल्लामा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुनुहुने जनाउनुभएको छ । रासस

कोप–३१: 'हिमाल तथा जलवायु परिवर्तन कार्यक्रम' स्थापना गर्ने सहमति

काठमाण्डु । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धि (युएनएफसिसिसी) अन्तर्गत टर्कीएको अन्ताल्यामा भएको पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१)मा हिमाल तथा जलवायु परिवर्तनसम्बन्धी दुई वर्षे कार्यक्रम स्थापना गर्ने सहमति भएको छ ।

यो निर्णय औपचारिक रूपमा पारित भएसँगै पहिलो पटक हिमाल, हिमाली पारिस्थितिक प्रणाली र हिमनदीमा निर्भर समुदायले युएनएफसिसिसी प्रक्रियामा आफ्नै छुट्टै र औपचारिक स्थान पाउने छन् । सम्मेलन निर्धारित समय (यही नोभेम्बर ९ देखि २०) भन्दा केही दिन पछिसम्म लम्बिएको र अझै अन्तिम निर्णय सार्वजनिक नभएको युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

वार्तामा पक्ष राष्ट्रहरूबीच हिमालसम्बन्धी विषयमा सहमति भइसकेको छ । यसको औपचारिक स्वीकृति र घोषणा कोप-३१ को समापन पूर्ण बैठकमा कोप निर्णयको रूपमा हुन बाँकी छ । सगरमाथाको देश नेपालका लागि यो निर्णय एउटा कोसेढुङ्गा हो । नेपालले वर्षौंदेखि उठाउँदै आएको हिमालको एजेन्डाले अन्ततः विश्व जलवायु वार्तामा मान्यता पाएको छ ।

सम्मेलनमा हालसम्म भएको सहमतिअनुसार प्रस्तावित निर्णयको अनुच्छेद २२ र २३ मा हिमाल तथा जलवायु परिवर्तनसम्बन्धी विषय समेटिएको छ । जसअनुसार हिमाली क्षेत्र, हिमाली पारिस्थितिक प्रणाली र हिमनदीमा निर्भर समुदाय जलवायु परिवर्तनको प्रतिकूल प्रभावप्रति अत्यन्त जोखिममा रहेको विषय सम्मेलनले औपचारिक रूपमा स्वीकार गरेको छ ।

त्यस्तै कार्यान्वयनसम्बन्धी सहायक निकाय (एसबिआई) र वैज्ञानिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहायक निकाय (एसबिएसटिए) अन्तर्गत दुई वर्षे 'हिमाल तथा जलवायु परिवर्तन कार्यक्रम' स्थापना गरिएको छ । यसले अनुकूलन, विपद् जोखिम न्यूनीकरण, उत्थानशीलता निर्माण, तथ्याङ्क तथा अवलोकन र पूर्वसूचना प्रणाली सुदृढ गर्ने लक्ष्य राखेको छ ।

त्यसैगरी जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक तथा प्राविधिक सल्लाह दिने निकायका ६६औँ र ६८औँ बैठक (एसबिएसटिए ६६ र एसबिएसटिए ६८) मा 'हिमाल तथा जलवायु परिवर्तन संवाद' आयोजना गरिनेछ ।

उक्त संवादको निष्कर्षसहितको प्रतिवेदन कोप-३३ र पेरिस सम्झौताका पक्ष राष्ट्रहरूको दशौँ बैठक (सिएमए १०) मा पेस गरिनेछ । साथै कोप-३२ मा अध्यक्षताको मार्गदर्शनमा हिमाल र जलवायु परिवर्तनसम्बन्धी उच्चस्तरीय संवाद गरिनेछ ।

निरन्तर पैरवीको उपलब्धि

कृषि, वन तथा पर्यावरण मन्त्रालयले हालसम्मको यो उपलब्धिलाई सरोकारवाला सबैको निरन्तर पैरवीको परिणाम भनेको छ । सम्मेलनको पहिलो साता परराष्ट्रमन्त्री शिशिर खनालले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अन्ताल्या नेतृत्व शिखर सम्मेलनमा हिमालको मुद्दा विश्व नेताहरूसामु राख्नुभएको थियो । त्यसपछि वनमन्त्री गीता चौधरीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै विश्वमञ्चका विभिन्न वार्ता, कार्यक्रम र द्विपक्षीय भेटवार्तामा सहभागी भई निरन्तर पैरवी गर्नुभएको थियो ।

सम्मेलनअघि नेपाल र भुटानले हिमालसम्बन्धी संयुक्त औपचारिक प्रस्ताव पेस गरेका थिए । मन्त्री चौधरीकै नेतृत्वमा नेपाल, भुटान र किर्गिज गणतन्त्रले संयुक्त प्रस्ताव पेस गरिएको थियो भने नेपालले उच्चस्तरीय राजनीतिक संवादको छुट्टै प्रस्ताव अघि सारेको थियो ।



कोप-३१ अध्यक्षता तथा १४ मुलुकका मन्त्रीहरूसँगको सघन द्विपक्षीय भेटवार्ता तथा मध्यरातसम्म चलेका मन्त्रीस्तरीय परामर्शमा अडिग रहँदै मन्त्री चौधरीले सहायक निकायअन्तर्गत छुट्टै हिमाल कार्यक्रमको नेपालको मूल माग सुनिश्चित गराउनुभएको थियो । त्यसपछि नै 'हिमाल र जलवायु परिवर्तनसम्बन्धी विषय' सम्मेलनको कार्यसूचीमा समावेश भएको थियो ।

मन्त्रालयका अनुसार अन्तिम चरणका महत्वपूर्ण वार्ताहरूमा मन्त्री चौधरीलाई सघाउने टोलीमा मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्र, सहसचिव डा महेश्वर ढकाल, उपसचिव दिपा ओली, मन्त्री चौधरीका सल्लाहकार अभिषेक श्रेष्ठ, अर्थमन्त्रीका सल्लाहकार बबिता विष्ट तथा विज्ञ आनन्द मिश्रलगायत हुनुहुन्थ्यो ।

यस उपलब्धिको पृष्ठभूमिमा प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घ महासभामा गर्नुभएको महत्वपूर्ण सम्बोधनका साथै राजनीतिक नेतृत्वको मार्गनिर्देशन, सभामुख तथा सबै दलका सांसदहरूको एकताबद्ध राजनीतिक समर्थन महत्वपूर्ण रहेको सल्लाहकार श्रेष्ठले बताउनुभयो ।

साथै जलवायु विषयका प्राविधिक विज्ञहरू मञ्जित ढकाल, तुङ्गभद्र राई र राजु क्षेत्रीलगायतको प्रयास, वन, परराष्ट्र, अर्थलगायत मन्त्रालयका अधिकारी तथा वार्ताकारहरू, प्रदेश तथा स्थानीय सरकार, युवा, महिला, आदिवासी जनजाति तथा हिमाली समुदायसहितका नागरिक समाजको महत्वपूर्ण योगदान रहेको उहाँको भनाइ छ ।

नेपालले भुटान, किर्गिज गणतन्त्र, अतिकम विकसित मुलुकहरूको समूह, भूपरिवेष्टित तथा हिमाली मुलुकहरू, साना टापु राष्ट्रहरू र ऐक्यबद्धता जनाउने सबै मुलुक तथा कोप-३१ अध्यक्षताप्रति आभार व्यक्त गरेको छ । उक्त सहमतिपछि मन्त्री चौधरीले यो नेपालको मात्र जित नभई हिमालयदेखि एन्डिजसम्मका सबै हिमाली समुदाय र हिमालको पानीमा निर्भर तल्लो तटीय क्षेत्रका सबैको जित भएको बताउनुभयो । "अब यो कार्यक्रमलाई वास्तविक कार्य, वित्त र पूर्वसूचनामा बदल्नु हाम्रो दायित्व हो", उहाँले भन्नुभयो ।

त्यस्तै परराष्ट्रमन्त्री खनालले सिद्धान्तनिष्ठ र धैर्यपूर्ण कूटनीतिले के हासिल गर्न सक्छ भन्ने यो निर्णयले देखाएको उल्लेख गर्दै कोप-३२ र त्यसपछि पनि हिमालको आवाज अझ बलियो बनाउन नेपालले सबै पक्षसँग निरन्तर काम गर्ने बताउनुभएको छ । नेपालले अब एसबिएसटिए ६६ र एसबिएसटिए ६८ का संवाद तथा कोप-३२ को उच्चस्तरीय संवादको तयारीमा पक्ष राष्ट्रहरू, युनएफसिसिसीका सचिवालयलगायत साझेदारसँग मिलेर काम गर्नुपर्नेछ ।

देशभित्र 'जीवन्त सगरमाथा' हिमाल रणनीति र राष्ट्रिय अनुकूलन प्रयासमार्फत यो उपलब्धिलाई अघि बढाइने परराष्ट्र मन्त्रालयले जनाएको छ । गत भदौ १० गते रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढीले हिमालमा हुने परिवर्तनले तल्लो तटीय क्षेत्रसम्मका जीवन, जीविका र पूर्वाधारमा कस्तो असर पार्छ भन्ने पीडादायी पाठ सिकाएको थियो । त्यही विषयलाई मध्यनजर गर्दै सुरु गरिएको 'सगरमाथादेखि सागरसम्म' भन्ने नेपालको सन्देशले हिमाल र विश्वको भविष्य एकअर्कासँग जोडिएको देखाएको छ । रासस

कोशीमा पुल बनेपछि फेरिएको चतराको मुहार



सुनसरी । एक दशक अघिसम्म चतरामा सप्तकोशी वारपार गर्न बाँसको नाउमा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेकामा अहिले त्यो अवस्था फेरिएको छ । कोसीमा पुल निर्माणपछि पूर्वी पहाड र तराईबाट चतरा हुँदै काठमाण्डुसम्मको सडक सम्पर्क सहज भएको छ । त्यसबाट आवागमनसँगै स्थानीय व्यापार र पर्यटन व्यवसायमा समेत परिवर्तन ल्याएको छ ।

विसं २०७२ मा एसियाली विकास बैंक (एडिबी) को ६० प्रतिशत अनुदान र नेपाल सरकारको ४० प्रतिशत लगानीमा रु ७६ करोड ११ लाखको लागतमा २६१ दशमलव तीन मिटरको चतरास्थित सप्तकोसीमा पुल निर्माण भएको हो ।

पुल निर्माण हुनुअघि सुनसरी र उदयपुरवासी बाँसको नाउबाट कोशी वारपार गर्नुपर्ने बाध्यता थियो । रामपुरबाट चतरा हुँदै धरानको दूरी करिब २२ किलोमिटर भए पनि किनमेल र उपचारका लागि धरान पुग्न रामपुर, फत्तेपुर, कञ्चनपुर र इटहरी हुँदै करिब १४० किलोमिटर यात्रा गर्नुपर्ने थियो । पुल बनेपछि उक्त बाध्यता हटेको छ ।

खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० का दीपक गिरी विगतमा पहाडबाट तराई झर्दा चतरा हुँदै कोसी पार गर्न निकै कठिन हुने गरेको घटना स्मरण गर्नुहुन्छ । उहाँले भन्नुभयो, "पहिले कोसी पार गर्न जोखिम मोलेर बाँसको नाउ चढ्नुपर्थ्यो । चतराबाट धरानसम्म पैदल हिँड्नु पर्थ्यो । अहिले पुल र कालोपत्रे सडक छ । सवारी साधनको आवागमन सहज भएपछि पहिलेको जस्तो कठिन यात्रा गर्नुपर्ने बाध्यता हटेको छ ।"

पुल सञ्चालनमा आएपछि धरान, इटहरी, विराटनगरलगायत पूर्वी क्षेत्रबाट चतरा-गाईघाट-सिन्धुली हुँदै काठमाडौँसम्मको यात्रा सहज भएको छ । सवारी साधनको आवागमन बढेसँगै यस क्षेत्रमा व्यापारिक गतिविधि र बस्ती विस्तार भएको छ । पुल निर्माणपछि प्रसिद्ध तीर्थस्थल चतरा पर्यटकीय क्षेत्रका रूपमा समेत विस्तार भएको छ । पर्यटकको चहलपहल बढेसँगै यहाँ दुई दर्जनभन्दा बढी होटल तथा रिसोर्ट सञ्चालनमा छन् । बेलका होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष रमन भट्टराईका अनुसार पुल बनेपछि होटल तथा पर्यटन व्यवसायमा सकारात्मक प्रभाव परेको छ ।

उहाँले भन्नुभयो, "कोशीमा पुल नहुँदा नदी पार गर्न काठका डुंगा र बाँसका नाउमा निर्भर हुनुपर्ने अवस्था थियो । पुल सञ्चालनमा आएपछि पूर्वी पहाड तथा तराईबाट काठमाडौँसम्म आवतजावत गर्ने सवारीसाधन र यात्रुको चहलपहल बढेको छ । बाहिरबाट आउने यात्रु तथा पर्यटकको संख्या बढेसँगै होटल व्यवसायलाई पनि टेवा पुगेको छ ।

पछिल्लो समय भारतको बिहारबाट आउने पर्यटकको सङ्ख्या पनि बढेको छ । पुल भएपछि बेलका बीच रिसोर्टमा मात्रै मासिक एक हजारदेखि दुई हजार ५०० सम्म भारतीय पर्यटक पुग्ने गरेका छन् । चतरा क्षेत्रमा पनि दैनिक सयौँ भारतीय पर्यटक आउने गरेको उहाँले बताउनुभयो ।

धार्मिक दृष्टिले चतरालाई 'पूर्वको हरिद्वार' भनेर चिनिन्छ । हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल बराहक्षेत्रधाममा वर्षभरि नै भक्तजन आउने गर्छन् । सप्तकोसीमा रहेको विशाल शिला 'खुवालुङ' किरात समुदायको मुन्धुमी सभ्यतासँग जोडिएको ऐतिहासिक स्थल पनि हो । पछिल्लो समय खुवालुङप्रति चासो बढेसँगै अनुसन्धानकर्ता तथा आन्तरिक पर्यटक त्यहाँ पुग्ने गरेका छन् ।

चतराको कोसी पुल अहिले पर्यटकको आकर्षणको गन्तव्य बनेको स्थानीय युवा रमेश तिम्सिना बताउनुहुन्छ । पुलबाट सप्तकोसीको दृश्य अवलोकन गर्न,तस्बिर खिच्न र बिदाका दिन वनभोज खान आन्तरिक तथा बाह्य पर्यटक चतराको कोसी पुल पुग्ने गरेको उहाँको भनाइ छ ।

उक्त क्षेत्रमा अहिले साहसिक पर्यटनको सम्भावना पनि बढेको छ । हिउँदमा चतराबाट बराहक्षेत्र हुँदै भोजपुर र धनकुटासम्म जेटबोट सञ्चालन हुने गरेको छ । चतराबाट केही समयको यात्रामा पुगिने उदयपुरको बेलका बोप्ताङ डाँडा प्याराग्लाइडिङ गन्तव्यका रूपमा विकास हुँदै गएको छ ।

सडक पहुँच सहज भएपछि त्यहाँ सञ्चालित प्याराग्लाइडिङ प्रशिक्षण केन्द्रमा नेपालसहित भारत, चीन, स्पेन, फ्रान्स र जर्मनीका प्रशिक्षार्थी पाइलट आउने गरेको प्रशिक्षक सुरेन गुरुङले बताउनुभयो । नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्गग्लाइडिङ सङ्घ उदयपुरका अध्यक्ष ईश्वर राईका अनुसार चुरेका पहाड र सप्तकोसीको दृश्यसँगै गरिने प्याराग्लाइडिङ उडान पर्यटकका लागि आकर्षण बनेको छ ।

पुल निर्माणपछि चतराघाटको व्यापारिक स्वरूप पनि फेरिएको छ । कुनै समय यहाँका साना झुपडीमा ढिके नुनको व्यापार हुन्थ्यो । भोजपुर, धनकुटालगायत पहाडी जिल्लाबाट मानिस नुन किन्न पैदल हिँडेर आउने गर्थे । तर, अहिले त्यही क्षेत्रमा पूर्वक्षेत्रको प्रसिद्ध उत्पादन रहेका पैंडाका दर्जनौँ पसल सञ्चालनमा छन् ।

पुल बनेपछि सर्वसाधारणको आवागमन बढेसँगै पुल नजिकै चतराघाटमा पेडा व्यवसाय फस्टाएको छ । पहिले ढिके नुन बिक्री हुने स्थानमा अहिले दर्जनौँ व्यवसायीले पेडा बनाएर बिक्री गर्दै आएका छन् । चतराघाट पछिल्लो समय पेडा पसलका लागि समेत परिचित बन्दै गएको छ ।

बराहक्षेत्र नगरपालिका-१ चतराघाटका महेश शाह पेडा व्यवसायबाट परिवारको खर्च र छोराछोरीको पढाइ खर्च जुटाउँदै आउनुभएको छ । रासस

प्रहरीद्वारा अपराधका घटनामा संलग्नको 'प्रोफाइल' तयार

वीरगञ्ज । गत कात्तिक महिनामा पर्सा जिल्लामा ११८ वटा अपराधका घटनासम्बन्धी उजुरी दर्ता भएको पाइएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार यसै अवधिमा विभिन्न घटनासम्बन्धी मुद्दाका फरार तथा प्रतिवादीमध्ये १२२ जना पक्राउ गरिएको छ ।

त्यस अवधिमा सङ्गठित तथा सामाजिक अपराधका २२, ज्यानसम्बन्धी ११, आत्महत्याका आठ, चोरीसम्बन्धी आठ, आर्थिक अपराधका ४९, बालबालिकासम्बन्धी चार, सवारी ज्यानका दुई र अन्य प्रकृतिका १४ घटना दर्ता भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

सोही अवधिमा अदालतबाट फैसला भई कार्यान्वयन हुन बाँकी मुद्दासँग सम्बन्धित ८५ जना पक्राउ परेको उहाँले बताउनुभयो । अदालतले उनीहरुबाट रु ३२ लाख सात हजार ६३२ जरिवाना असुल गर्न पर्ने निर्णय सुनाएको थियो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार, गत कात्तिकमा कर्तव्य ज्यान र हातहतियारसम्बन्धी एक-एक, बैङ्किङ कसुरका १४, ठगी र मुद्रासम्बन्धी दुई-दुई वटा घटना जिल्लामा दर्ता भएका छन् ।

त्यस्तै, लागुऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले त्यस अवधिमा १४ वटा मुद्दा दर्ता गरेको र त्यसमा संलग्न भएको अभियोगमा १७ जनालाई पक्राउ गरेको छ ।

त्यस क्रममा ३८ ग्राम गाँजा, ६५ ग्राम ८५८ मिलिग्राम ब्राउनसुगर र १४ ग्राम ६४० मिलिग्राम चरेस बरामद गरिएको जनाइएको छ ।

त्यसैगरी, नाइट्राजेपाम ट्याब्लेट, बुप्रेनोर्फिनका २८ एम्पुल, डाइजेपामका ३७ एम्पुल र प्रोमेथाजिन हाइड्रोक्लोराइडका १९ एम्पुल बरामद गरिएको प्रहरीको विवरणमा उल्लेख छ । गत महिना लागुऔषध दुरुपयोग नियन्त्रण तथा सचेतनाका लागि प्रहरीले ३१ वटा कार्यक्रममार्फत ५१४ जनालाई सचेतना दिलाएको छ ।रासस

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०८/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिवास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : बर्दिबास, महोत्तरी	
	ऋणीको नाम, ठेगाना	
१.	नाम : बर्दिबास पशु तथा कृषि फार्म प्रा.लि. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २२१०३८/०७६/०७७, दर्ता मिति : २०७६/०४/२४, पान नं. ६०९५९४०४१, दर्ता मिति : २०७७/१०/१२ ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४, **प्रोप्राइटर : राम सागर महतो**	
	जमानतकर्ताको विवरण	
	१. नाम : राम सागर महतो ना.प्र.नं. ०४९२६५२९, जि.प्र.का. महोत्तरी जारी मिति : २०६०/०३/२४ बाबुको नाम : राम असिस महतो कोइरी बाजेको नाम : झारी महतो कोइरी ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४	**२. नाम : रामवति कुमारी महतो** ना.प्र.नं. ०४९२७०४८, जि.प्र.का. महोत्तरी जारी मिति : २०६०/११/०५ पतिको नाम : राम सागर महतो ससुराको नाम : राम असिस महतो कोइरी ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४
	३. नाम : सोनावती देवी कोइरिन ना.प्र.नं. ०४९२३४४३, जि.प्र.का. महोत्तरी जारी मिति : २०४४/१०/१२ पतिको नाम : राम असिस महतो कोइरी ससुराको नाम : झारी महतो कोइरी ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४	**४. नाम : राम असिस महतो कोइरी** ना.प्र.नं. ०४९२३४४२, जि.प्र.का. महोत्तरी जारी मिति : २०३५/०४/१३ बाबुको नाम : झारी महतो कोइरी बाजेको नाम : मंगल महतो ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. २ हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १४
	धितोको विवरण	
	राम असिस महतो कोइरीको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुर गञ्ज वडा नं. २ क स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-०-१६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

मासु निरिक्षक प्रयोजनार्थ

प्रथम पटक प्रकाशित मितिः-२०८३/०८/०७

मधेश प्रदेश भित्र "पशु बधशाला तथा मासु जाँच ऐन, २०५५" कार्यान्वयन गर्ने सन्दर्भमा, ऐनको दफा ६ मा मासु निरिक्षक नियुक्ति गर्ने व्यवस्था रहेकोले इच्छुक दर्तावाल पशु चिकित्सकले जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा मासु निरिक्षक हुन पाउँ भनी तपसिल बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशण भएको मितिले दश (१०) दिन भित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशण गरिएको छ ।

संलग्न गर्नु पर्ने कागजातहरु:-

१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
२) नेपाल पशु चिकित्सा परिषद् (Nepal Veterinary Council) दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
३) मासु निरिक्षक/मासु सुपरिवेक्षक भएर काम गर्न इच्छुक कार्यक्षेत्र ।

४ करोडको लागतमा फतुवामा सडक निर्माण

टुडे समाचारदाता

रौतहट । वर्षौंदेखि धुलो र वर्षायाममा हिलोको सास्ती खेप्दै आएका रौतहटको फतुवा गाउँका बासिन्दामा अहिले नयाँ आशा पलाएको छ ।

साँघुरो र जीर्ण सडकका कारण दैनिक आवागमनमा कठिनाइ भोग्दै आएका स्थानीयका लागि करिब ४ करोड रुपैयाँको लागतमा आधुनिक सडक निर्माण सुरु भएपछि गाउँको मुहार फेरिने अपेक्षा गरिएको छ ।



फतुवा विजयपुर नगरपालिका-६ स्थित फतुवा गाउँमा प्रदेश सरकारको लगानीमा सडक कालोपत्रेसहित दुवैतर्फ नाला र सडकबत्ती जडान गर्ने योजना अघि बढाइएको हो। फतुवादेखि डुमरिया हुँदै रामदासीसम्म सडक निर्माण हुने भौतिक पूर्वाधार कार्यालय गौरका इन्जिनियर अनिलकुमारले जानकारी दिएका छन् ।

पूर्व अर्थमन्त्री तथा मधेश प्रदेशसभा सदस्य सुनिलकुमार यादव (जितेन्द्र) को पहलमा अघि बढेको यो योजना गाउँको भौतिक पूर्वाधार विकासका लागि महत्वपूर्ण मानिएको छ। फतुवा यादवको पुख्यौंली गाउँसमेत हो ।

सडक निर्माणलाई निर्धारित मापदण्डअनुसार अघि बढाउन शनिबार पूर्वमन्त्री यादवको अगुवाइमा निर्माण व्यवसायी, प्राविधिक टोली र स्थानीय अगुवाहरूले गाउँको सडक नापजाँच गरेका थिए ।

नापजाँचका क्रममा विभिन्न स्थानमा सडक अतिक्रमणका कारण सडक साँघुरो बनेको पाइएको थियो। सडकलाई व्यवस्थित बनाउन आइतबार बिहान बसेको सर्वदलीय बैठकले गाउँभरि साढे ७ मिटर चौडाइको सडक कायम गर्ने सहमति गरेको स्थानीय जयकरण यादवले बताए ।

सडकको निर्धारित चौडाइभित्र दुवैतर्फ नाला निर्माण गर्नुका साथै सडकबत्ती राखिनेछ। सडक विस्तार गर्दा केही घरका भाग प्रभावित हुन सक्ने अवस्था भए पनि गाउँलेहरूले व्यक्तिगत स्वार्थभन्दा सामूहिक विकासलाई प्राथमिकता दिँदै आवश्यक स्थान खाली गर्ने निर्णय गरेका छन् ।

स्थानीयको यो सहमतिले विकास निर्माणका क्रममा देखिने सम्भावित विवाद र अवरोध कम गर्दै योजनालाई समयमै सम्पन्न गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

इन्जिनियर अनिलकुमारका अनुसार सडक निर्माण योजना सुनिलकुमार यादव अर्थमन्त्री रहेका बेला स्वीकृत भएको थियो। योजना स्वीकृत गराउन तत्कालीन प्रदेश सरकारका अर्थसचिव सञ्जय साहको पनि सकारात्मक भूमिका रहेको उनले बताए । निर्माण कम्पनीले आगामी चैत मसान्तसम्म सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ ।

फतुवा गाउँमा सडक निर्माण सम्पन्न भएपछि स्थानीयको आवागमन सहज हुने, वर्षायाममा हिलो र अन्य समयमा धुलोको समस्या कम हुने तथा गाउँको सरसफाइ र सुरक्षा व्यवस्थामा सुधार आउने अपेक्षा गरिएको छ ।

दुईतर्फी नाला, सडकबत्ती र फराकिलो कालोपत्रे सडकले गाउँलाई व्यवस्थित बस्तीका रूपमा विकास गर्न सहयोग पुग्नेछ। सडक निर्माणका लागि स्थानीयले देखाएको सामूहिक प्रतिबद्धताले विकासप्रति गाउँलेको सकारात्मक सोचसमेत उजागर गरेको छ ।

वर्षौंदेखि जीर्ण सडकका कारण सास्ती भोग्दै आएका फतुवावासीका लागि यो आयोजना केवल कालोपत्रे सडक निर्माणमा सीमित छैन। यो गाउँको विकास, सहज आवागमन र जीवनस्तर सुधारतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

प्रदेशको आर्थिक विकास प्रवर्द्धन गर्नुपर्नेमा जोड

टुडे समाचारदाता

जनकपुरधाम । सरोकारवालाहरुले मधेश प्रदेशको आर्थिक विकास, रोजगारी सिर्जना र समृद्धिका लागि स्थानीय उद्यमशीलताको विकास तथा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका छन् ।

ग्लोबल इन्टरप्रेन्योरशिप सप्ताह २०२६ को अवसरमा जनकपुरधाममा आयोजित ' अर्थतन्त्र निर्माणमा उद्यमीहरूको भूमिका' विषयक प्यानल संवादमा सहभागी वक्ताहरूले उद्यमीलाई प्रदेशको आर्थिक रूपान्तरणको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिए ।

मधेश प्रदेशमा कृषि, उद्योग, पर्यटन तथा सेवा क्षेत्रमा उद्यमशीलताको प्रशस्त सम्भावना रहे पनि नीतिगत जटिलता, लगानीमैत्री वातावरणको अभाव, संस्थागत कमजोरी र दक्ष जनशक्तिको कमीका कारण अपेक्षित विकास हुन नसकेको उनीहरूको भनाइ थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका व्यवस्थापन प्राध्यापक प्रा.डा. बिनोद साह, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका कार्यकारी निर्देशक प्रदीप दत्त, महिला उद्यमी सुनैना ठाकुर र मोनास्टिक एजुकेशन ग्रुपका अध्यक्ष डा. सोनु कुमारले उद्यमशीलता विकासका चुनौती र सम्भावनाबारे धारणा राखेका थिए ।

वक्ताहरूले युवालाई जागिर खोज्नेभन्दा पनि रोजगारी सिर्जना गर्ने जनशक्तिका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । त्यसका लागि परम्परागत शिक्षण प्रणालीमा सुधार गर्दै विद्यालय तथा विश्वविद्यालय तहदेखि नै व्यावहारिक, सीपमूलक र प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिनुपर्ने उनीहरूको सुझाव थियो ।

उद्यम गर्न चाहने युवालाई आवश्यक सीप, पुँजी, प्रविधि, बजारको पहुँच र परामर्श सेवा उपलब्ध गराउन सरकार तथा निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको उनीहरूले बताए ।



यसैबीच, मधेश प्रदेशमा उद्यमशीलता, नवप्रवर्तन र स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याएका ६ जना उदाउँदा उद्यमीलाई कार्यक्रममा सम्मान समेत गरिएको छ ।

आशुतोष बहुउद्देशीय तथा साना घरेलु उद्योगकी आशिका गिरी, दामी आर्ट्सकी काजल झा, बाँसका शिल्पकार बृजकिशोर मल्लिक डोम, प्रियांशु बाख्रा तथा मखाना फार्मकी जुली कुमारी झा, लक्ष्मी बहुउद्देशीय मत्स्य तथा पशुपक्षी पालन फार्मका ललित नारायण झा र बिबिएस चायवालाका उत्सव गुप्ता लगायतका व्यक्तिहरु सम्मानित भएका छन ।

उद्यमशीलता, व्यवसाय विस्तार, नवप्रवर्तन र स्थानीय अर्थतन्त्रमा पुऱ्याएको योगदानको कदर गर्दै उनीहरूलाई प्रशंसापत्रसहित सम्मान गरिएको आयोजकले जनाएको छ । इकोनोमिक प्रोग्रेस एण्ड इनोभेसन सेन्टर (भएक्सइ) को मासिक कार्यक्रम 'आगु बढू-उद्यमी किस्सा' अन्तर्गत दस्तावेजीकरण गरिएका उद्यमशील यात्राका आधारमा उनीहरूको छनोट गरिएको हो ।

स्थानीय उद्यमीका संघर्ष, अनुभव र सफलताका कथा विद्यार्थी तथा युवामाझ पुऱ्याएर उद्यमशील सोच विकास गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

कार्यक्रममा मधेश प्रदेश सरकारका निवर्तमान अर्थमन्त्री युवराज भट्टराईले सम्मानित उद्यमीहरूलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

सो अवसरमा निवर्तमान अर्थमन्त्री भट्टराईले आफ्नो नेतृत्वमा ल्याइएको आर्थिक वर्ष २०८३/०८४ को बजेटमा नवउद्यमीलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न कार्यक्रम समेटिएको जानकारी दिए । उद्यमशीलताको विकास र नयाँ व्यवसायको विस्तारलाई प्रदेशको आर्थिक समृद्धिसँग जोड् नुपर्ने उनले भने ।

सरकारको एकल प्रयासबाट मात्रै प्रदेशलाई आर्थिक रूपमा समृद्ध बनाउन नसकिने उल्लेख गर्दै उनले उद्योगी, व्यवसायी, वित्तीय संस्था तथा अन्य सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको बताए । निजी क्षेत्रको सक्रिय सहभागिता र लगानीबिना आर्थिक विकासले गति लिन नसक्ने उनको धारणा थियो ।

इकोनोमिक प्रोग्रेस एण्ड इनोभेसन सेन्टरको आयोजनामा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश, नेपाली युवा उद्यमी मञ्च जनकपुरधाम र समृद्धि फाउन्डेसन काठमाडौंको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो ।

ब्राउन सुगरसहित दुई युवक पक्राउ

टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले जिल्लाको मिर्चैयाबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित दुई युवक पक्राउ गपरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मिर्चैया नगरपालिका-६ स्थित मिर्चैया-कटारी सडक खण्डमा रहेको होलिडे होटल अगाडिबाट शनिबार साँझ उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको संयुक्त प्रहरी टोलीले मिर्चैयाबाट कटारीतर्फ जाँदै गरेको प्रदेश ०१-००५ प ९१२४ नम्बरको मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा उनीहरू पक्राउ परेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका-५ जयपुरका २४ वर्षीय दिलीपकुमार सिंह र सोही स्थानका २८ वर्षीय रज्जितकुमार सिंह दनुवार छन् । दिलीप मोटरसाइकल चालक थिए भने रज्जित पछाडि सवार रहेको प्रहरीले जनाएको छ ।

दुवै जनाको तलासी लिने क्रममा रज्जितले लगाएको जिन्स पाइन्टको दाहिने खल्तीबाट कालो प्लास्टिकका तीन वटा पोका फेला परेका थिए । ती पोकामा ब्राउन सुगर जस्तो देखिने पदार्थ रहेको प्रहरीले जनाएको छ । बरामद पदार्थ ४०.४१० ग्राम रहेको र उनीहरूको साथबाट इन्फिनिक्स र आइफोन कम्पनीका एक-एक थान मोबाइल समेत प्रहरीले बरामद गरेको छ ।

बरामद लागुऔषध र मोबाइलसहित दुवै जनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिप्रका सिरहाले जनाएको छ ।

विद्यालय रुपान्तरणका लागि पानको १२ बुँदे प्रतिबद्धतापत्र

टुडे समाचारदाता

जनकपुरधाम । प्रधानाध्यापक संघ नेपाल (पान) ले विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा समग्र विद्यालय रूपान्तरणका लागि १२ बुँदे राष्ट्रिय विद्यालय रूपान्तरण प्रतिबद्धता-पत्र, २०८३ जारी गरेको छ ।

जनकपुरधाममा मंसिर ४ देखि ६ गतेसम्म सम्पन्न तीन दिने तेस्रो राष्ट्रिय प्रधानाध्यापक राष्ट्रिय सम्मेलनबाट संघले उक्त प्रतिबद्धता जारी गरेको हो । 'लेट्स बिल्ड बेटर स्कुल्स टुगेदर' (सँगै मिलेर उत्कृष्ट विद्यालय निर्माण गरौं) भन्ने मूल नाराका साथ सम्पन्न सम्मेलनमा देशभरका करिब एक हजार प्रधानाध्यापक, शिक्षाविद्, शिक्षक, विद्यालय कर्मचारी तथा शिक्षा क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो ।



तीन दिनसम्म चलेको सम्मेलनमा विद्यालय शिक्षाका विद्यमान चुनौती, संघीय शिक्षा ऐन, पाठ्यक्रम सुधार, विद्यालय नेतृत्व, शिक्षक तथा कर्मचारी व्यवस्थापन, शैक्षिक गुणस्तर, प्रविधिको प्रयोग र विद्यालय रूपान्तरणका विषयमा व्यापक छलफल भएको थियो ।

सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रका विज्ञ, नीति निर्माता, शिक्षाविद् तथा अभ्यासकर्ताहरूको सहभागितामा विषयगत सत्र, मुख्य प्रस्तुतिकरण, प्यानल छलफल, सांसदहरूसँग गोलमेच छलफल, अनुभव आदानप्रदान तथा शैक्षिक अन्तरक्रिया आयोजना गरिएको थियो ।

सम्मेलनबाट जारी प्रतिबद्धतापत्रमा समयानुकूल संघीय शिक्षा ऐन निर्माण र कार्यान्वयनका लागि नीतिगत पैरवी गर्ने, विद्यालयको स्वायत्तता तथा प्रधानाध्यापकको नेतृत्व सशक्त बनाउने र शिक्षक तथा कर्मचारीको पेशागत सम्मान सुनिश्चित गर्न पहल गर्ने उल्लेख छ ।

त्यस्तै, प्रधानाध्यापकको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि ' प्रिन्सिपल्स लिडर्स एकेडेमी' स्थापना तथा सञ्चालन गर्ने र प्रधानाध्यापकहरूलाई विद्यालय सञ्चालनमा सहयोग पुऱ्याउन पान एलएमएस सञ्चालन गर्नेप्रतिबद्धता पनि व्यक्त गरिएको छ।

विद्यालय शिक्षामा कृत्रिम बुद्धिमत्ता (एआई) तथा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्ने विषयलाई पनि प्रतिबद्धतापत्रमा विशेष प्राथमिकता दिइएको छ । शिक्षक, कर्मचारी तथा विद्यार्थीको एआई र डिजिटल साक्षरता अभिवृद्धि गर्ने, जिम्मेवार प्रविधि प्रयोग, साइबर सुरक्षा र डिजिटल गोपनीयताबारे सचेतना फैलाउने संघले जनाएको छ ।

यसैगरी, विद्यालयलाई सुरक्षित, हरित तथा विपद् उत्थानशील बनाउने, भूकम्प, आगलागी, बाढी र पहिरोजस्ता विपद्को पूर्वतयारी गर्ने, वातावरण संरक्षण, वृक्षरोपण, फोहोर व्यवस्थापन तथा जलवायु शिक्षालाई विद्यालय तहमा विस्तार गर्ने प्रतिबद्धता गरिएको छ।

संघले शिक्षक, प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको मनोबल र पेशागत प्रतिष्ठा अभिवृद्धि गर्न सम्मान, पुरस्कार, प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । विद्यार्थीलाई नैतिक, प्राविधिक, व्यावसायिक, उद्यमशीलता तथा जीवनोपयोगी सीप प्रदान गर्ने विषयलाई समेत प्राथमिकतामा राखिएको छ ।

प्रतिबद्धतापत्रमा गुणस्तरीय तथा नतिजामुखी सिकाइ, शैक्षिक अनुसन्धान, नियमित मूल्याङ्कन, विद्यार्थीको सिर्जनशीलता र आलोचनात्मक सोच विकासमा जोड दिइएको छ । विद्यालयको शैक्षिक सुधार प्रक्रियामा विद्यार्थी, अभिभावक र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने लक्ष्यसमेत राखिएको छ ।

त्यस्तै, नेपाल सरकार, शिक्षा मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्था र विकास साझेदारहरूसँग समन्वय तथा साझेदारी विस्तार गरी विद्यालय रूपान्तरणका कार्यक्रम अघि बढाउने प्रतिबद्धता संघले व्यक्त गरेको छ ।

प्रतिबद्धतापत्रमा मधेश प्रदेशको शैक्षिक गुणस्तर तथा साक्षरता अभिवृद्धिका लागि विशेष पहल गर्ने विषयसमेत समेटिएको छ । विद्यालय रूपान्तरण कुनै एक व्यक्ति, संस्था वा सरकारको प्रयासबाट मात्र सम्भव नहुने निष्कर्ष निकाल्दै सम्मेलनले प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थी, अभिभावक, समुदाय र सरकारबीचको साझा प्रयास आवश्यक रहेको औंल्याएको छ ।

प्रतिबद्धतापत्रमा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि संघले तीनै तहका सरकारसँग निरन्तर नीतिगत संवाद र सहकार्य गर्ने, विद्यालयका असल अभ्यास अभिलेखीकरण तथा आदानप्रदान गर्ने र प्रतिबद्धताको कार्यान्वयन प्रगतिको नियमित समीक्षा तथा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने जनाएको छ ।

प्रधानाध्यापक संघ नेपालका महासचिव लक्ष्मण श्रेष्ठ र अध्यक्ष सुदाम प्रसाद गौतमद्वारा हस्ताक्षरित प्रतिबद्धतापत्रमा 'सहकार्यबाट रूपान्तरण, नेतृत्वबाट नवप्रवर्तन र शिक्षाबाट समृद्धि' भन्ने मूल मन्त्रसहित नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी बनाउने संकल्प व्यक्त गरिएको छ ।

पेस्तोलसहित एक महिला पक्राउ



टुडे समाचारदाता

जनकपुरधाम । धनुषा प्रहरीले कटुवा पेस्तोल र एक राउण्ड गोलीसहित एक महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको कल्याणपुर नगरपालिका-५ निर्धना टोल निवासी करिब ४० वर्षीया गंगावती महतो रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धनुषाधामबाट खटिएको प्रहरी टोलीले उनलाई आइतबार बिहान करिब ११ बजे धनुषाधाम नगरपालिका-४ स्थित गौरीपुर टोलबाट नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार महतोले कम्मरमा कटुवा पेस्तोल र त्यसमा लाग्ने एक राउण्ड गोली लुकाइछिपाई बोकेर हिँडिरहेको अवस्थामा फेला पारिएको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले हतियारसहित महिलालाई नियन्त्रणमा लिएको जानकारी दिए ।

उनका अनुसार बरामद हतियारसहित पक्राउ परेकी महिलामाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउनुका साथै घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

करौंतेको प्रदेशस्तरीय छनौट प्रतियोगिता सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३ का लागि करौंतेतर्फ मधेश प्रदेशस्तरीय छनोट प्रतियोगिता सम्पन्न भएको छ । रौतहटको चन्द्रनिगाहपुरमा सम्पन्न छनोट प्रतियोगितामा मधेश प्रदेशका आठवटै जिल्लाका खेलाडीहरूले विभिन्न विधा तथा तौल समूहमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको एकल काता पुरुषतर्फ धनुषाका बब्लु कबारी प्रथम हुँदा बाराका शुल्भ चौधरी दोस्रो तथा पर्साका विशम्भर पटेल र सर्लाहीका विकास सिङ्दाली तेस्रो भए । एकल काता महिलातर्फ सिरहाकी रिधिरानी चौधरी प्रथम, बाराकी पुष्पाञ्जली कुशवाहा दोस्रो तथा रौतहटकी विनिशा गुरुङ र सर्लाहीकी कमला स्याङ्दान तेस्रो भए ।

पुरुषतर्फ सिरहाको टोली प्रथम, बाराको टोली दोस्रो तथा रौतहट र सप्तरीका टोली तेस्रो भए। महिला टिम कातातर्फ सिरहाको टोली प्रथम, महोत्तरीको टोली दोस्रो तथा रौतहट र सर्लाहीका टोली तेस्रो स्थानमा रहे । कुमितेतर्फ पुरुष ५० केजीमा सिरहाका प्रभास राज थापा, ५५ केजीमा सिरहाकै रोहित ठाकुर, ६० केजीमा महोत्तरीका आदित्य कालिकोटे, ६८ केजीमा सर्लाहीका दिनेश चिसिङ, ७५ केजीमा महोत्तरीका सम्यूल मगराती, ८४ केजीमा सर्लाहीका आरएन बोम्जन तथा ८४ केजीभन्दा माथिको तौल समूहमा सप्तरीका निहाल मण्डल प्रथम भए ।



त्यसैगरी महिलातर्फ ४५ केजीमा सिरहाकी प्रोशिया चौधरी, ५० केजीमा महोत्तरीकी मनिता मोक्तान, ५५ केजीमा सिरहाकी रविना परियार, ६१ केजीमा सिरहाकी रिया श्रेष्ठ तथा ६८ केजीमा सिरहाकी स्मारिका मगर प्रथम भए ।

६८ केजीभन्दा माथिको तौल समूहमा सर्लाहीकी मंजरी जिम्बाले प्रथम स्थान हासिल गरिन् । प्रतियोगितामा विभिन्न तौल समूह र विधामा दोस्रो तथा तेस्रो स्थान हासिल गर्ने खेलाडीहरू पनि मधेश प्रदेशका विभिन्न जिल्लाका रहेका छन् ।

छनोट प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूले आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा मधेश प्रदेशको प्रतिनिधित्व गर्ने अवसर पाउनेछन्।

आगामी मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुँदैछ । प्रतियोगितामा ११ टोलीका खेलाडीहरूले ३२ खेलका ३८४ इभेन्टसमा प्रतिस्पर्धा गर्ने र १ हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुने जनाइएको छ ।

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८